आज मिति २०७८ साल श्रावण १३ गते सल्यान जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मीदेवी होमागाई खतिवडाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका महानुभावहरुको उपस्थितिमा कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी कार्यलाई एकीकृत र व्यवस्थित रुपमा सञ्चालन गर्न बनेको कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा १७ बमोजिम गठित जिल्ला कोभिड व्यवस्थापन समितिको बैठक बसी देहायका निर्णयहरु गरियो ।

## उपस्थिति :-

| | | |
|---|---|---|
| श्री लक्ष्मी देवी होमागाई खतिवडा | प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| श्री निम बहादुर वली | नि. जिल्ला समन्वय अधिकारी | - सदस्य |
| श्री कञ्चन कृष्ण वस्नेत | प्रमुख सेनानी | - सदस्य |
| श्री गोविन्द थापा | प्रहरी नायव उपरीक्षक | - सदस्य |
| श्री सन्तोष रायमाझी | सशस्त्र प्रहरी नायव उपरीक्षक | - सदस्य |
| श्री गणेश प्रसाद आचार्य | प्रमुख अनुसन्धान अधिकृत | - सदस्य |
| श्री दशरथ कुमार श्रेष्ठ | नि. स्वास्थ्य सेवा व्यवस्थापक | - सदस्य |
| श्री थमन खड्का | सहायक प्रमुख जिल्ला अधिकारी | - सदस्य |

## आमन्त्रित :-

| | |
|---|---|
| श्री केश बहादुर विष्ट | प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय, सल्यान |
| श्री भीमकान्त जैसी | मेडिकल अधिकृत, स्वास्थ्य सेवा कार्यालय, सल्यान |
| श्री रिखाराम पुन | कोरोना फोकल पर्सन, स्वास्थ्य सेवा कार्यालय, सल्यान |

DCMC को निर्णय :

१. जिल्लामा कोभिड-१९ को संक्रमितको संख्या न्यून हुँदै गएता पनि स्वास्थ्य सतकर्ता अपनाउनु पर्ने अवस्था विद्यमान रहेकोले देहायबमोजिम हुने गरी प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञा जारी गर्न सिफारिश गर्ने निर्णय गरियो ।

देहाय :

१. निषेधाज्ञा अवधिभर अत्यावश्यक काममा घर बाहिर निस्कनु पर्दा अनिवार्य मास्क प्रयोग गर्ने र स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने ।

२. औषधी पसल एवम् स्वास्थ्य सामग्रीका पसलहरु २४ घण्टा खुल्ने । नेपाल सरकारले तोकेका स्वास्थ्य र सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गरी विभिन्न वस्तु तथा सेवा खरिद तथा विक्री गर्ने पसलहरु विहान ५:०० बजेदेखि बेलुका ८:०० बजेसम्म सञ्चालन गर्ने ।

३. विद्यालय, क्याम्पस तथा शिक्षालयहरुमा भौतिक उपस्थितिमा हुने पठनपाठन बन्द गर्ने तर त्रिभुवन विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् लगायतका निकायबाट सञ्चालन हुन लागेका परीक्षाहरु स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरि सञ्चालन गर्ने ।

४. सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार, जात्रा, महोत्सव र खेलकुद कार्यक्रम सञ्चालन गर्न नपाइने ।

५. मठ, मन्दिर तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पूजा बाहेक अन्य सम्पूर्ण धार्मिक एवं सांस्कृतिक गतिविधिहरु बन्द गर्ने ।

६. सार्वजनिक तथा निजी सवारी साधनहरु तोकिएको सिट क्षमता अनुरुप, प्रचलित भाडादर लिई पूर्ण रुपमा स्वास्थ्यसुरक्षा मापदण्ड पालना गरी सञ्चालन गर्ने, सो विपरित सञ्चालन गरेको पाइएमा ट्राफिक नियमानुसार जरिवाना तथा कारवाही गरिने ।

७. जिल्लास्थित सरकारी, सार्वजनिक तथा गैर सरकारी कार्यालयले स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी सेवा प्रवाह गर्ने ।

८. बैंक, वित्तीय संस्था तथा वित्तीय कारोवार गर्ने सहकारीहरुले स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी सेवा प्रवाह गर्ने ।

९. कामदारलाई निर्माण स्थलमै बस्ने व्यवस्था र स्वास्थ्य मापदण्ड पालना गरी विकास निर्माणका कामहरु सञ्चालन गर्ने ।

१०. यस आदेशको उल्लंघन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधी, औषधीजन्य सामग्री, अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्नेहरु उपर कानूनबमोजिम कारवाही गर्ने ।